फालेलुङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः (२) संख्याः (१४) मितिः ०७५।१२।०३

## भाग-२

## फालेलुङ गाउँपालिका

# फालेलुङ गाउँपालिका जस्तापाता वितरण कार्यविधि २०७५

## प्रस्तावना :

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार भित्रको विकास निर्माण कार्य सञ्चालन गर्न तथा फालेलुङ गाउँपालिका भित्र हुने विपद् न्युनीकरण गर्न फालेलुङ गाउँपालिकाको बार्षिक विकास तथा कार्यक्रम स्विकृत गर्दै एकीकृत बस्ति तथा विपन्न आय भएका व्यक्ति लक्षित जस्तापाता वितरण कार्यक्रम अन्तर्गत बजेट विनियोजन गरेको र उक्त बजेट कार्यान्वयन गर्न जस्तापाता वितरणका लागि आधार तथा मापदण्ड तय गर्न बाञ्छनीय भएकाले यो कार्यविधि स्विकृत गरि फालेलुङ गाउँपालिका भित्र लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम फालेलुङ गाउँपालिका जस्तापाता वितरण कार्यविधि २०७५ रहेको छ ।

२. यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. उद्देश्य :** एकीकृत बस्ति तथा विपन्न आय भएका व्यक्तिहरुको खर पराल वा चित्राले छाएका घरहरु लाई, हरियाली युक्त जस्ताको छानामा रुपान्तरण गर्नु तथा आगलागीका कारण हुने विपद् न्युनीकरण गर्नु रहेको छ ।

**३. लाभग्राही जनसङ्ख्या :** जस्तापाता वितरणका लागि लाभग्राही घरपरिवार तपशील अनुसारका रहेको छन् ।

क) फालेलुङ गाउँपालिकाको क्षेत्र भित्र रहेका आर्थिक रुपमा विपन्न खर चित्रा तथा परालको छानो भएको परिवार ।

ख) एकीकृत बस्ति अन्तर्गत निर्माण गरिने घरहरुका लागि लागत अनुमान बमोजिम आवश्यक संख्या ।

**४. प्रक्रिया :** जस्तापाता वितरणका लागि देहाय अनुसारको प्रक्रिया अवलम्वन गरिनेछ ।

क) खर र परालले छाएका र जस्तामा रुपान्तरण गर्न चाहने व्यक्तिहरुले सम्बन्धित वडा कार्यालय मार्फत अनुसुची (१) बमोजिमको ढाँचामा दरखास्त माग गर्ने ।

ख) दरखास्त माग गर्नका लागि गाउँपालिकाको सुचना पाटी, वडा कार्यालय तथा गाउँपालिकाको वेवसाइट मार्फत १५ दिनको सुचना प्रकाशन गर्ने ।

ग) तोकिएको सिमा भित्र आएका सम्पुर्ण दस्खास्तहरुलाई विश्लेषण तथा अद्यावधिक गरि प्रमुख प्रशासकीय अधिकृतले निर्णयार्थ कार्यपालिका समक्ष पेश गर्ने ।

घ) कार्यपालिकाले निर्णय गर्दा प्राप्त प्रस्तावहरुलाई स्विकृत बजेट सँग तादम्यता हुने गरि दलित, विपन्न, गरिविका रेखामुनी परेका परिवार, असहाय, सुकुम्बासी र एकल महिलाहरुलाई पहिलो प्राथमिकता दिइ संख्या निर्धारण गर्ने ।

**५. जस्ता पाता सुविधा प्राप्तिका लागि आवश्यक पर्ने योग्यता :** जस्तापाता सुविधा प्राप्त गर्न देहायको योग्यता आवश्यक पर्नेछ ।

क) फालेलुङ गाउँपालिका क्षेत्र भित्रका स्थायी बासिन्दा भएको ।

ख) घर भएको जग्गाको र सोले चर्चेको जग्गा धनि पुर्जा आवश्यक पर्नेछ । (सुकुम्बासीको हकमा आवश्यक नपर्ने )

ग) सभाले निर्धारण गरे बमोजिमको भुमि कर तथा धुरि कर तिरेको हुनुपर्नेछ ।

घ) एकीकृत बस्तिका लागि लागत अनुमान बमोजिम आवश्यक पर्ने संख्यामा जस्तापाता हस्तान्तरण गरिने ।

अनुसुची –१

(कार्यविधिको दफा ४ को देहाय क संग सम्बन्धित)

श्री फालेलुङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय

विषय : जस्तापाताका लागि प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत विषयमा म फालेलुङ गाउँपालिका वार्ड नं ......................... निवासी ................................ को छोरो ..........................................ले गाउँपालिकाले मिति ........................गते प्रकाशन गरिएको सुचना अनुसार तपशील बमोजिमको कागजात संलग्न राखि ........... थान जस्तापाता माग गरेको छु ।

निवेदक :

नाम :

ठेगाना :

संलग्न कागजात :

१. नागरिकताको प्रतिलिपि ।
२. घर र घरले चर्चेको जग्गाको जग्गा धनि पुर्जाको प्रतिलिपि ।
३. सभाले निर्धारण गरेको भुमि कर तथा धुरि कर तिरेको रसिदको प्रतिलिपि ।
४.सम्बन्धित परिवारका कुनै पनि सदस्य बैदेशिक रोजगारीका लागि नगएको , कुनै व्यापार व्यवसाय सन्चालन नगरेको, सरकारी सेवामा आवद्ध नभएको , आम्दानीको ठुलो श्रोत नभएको, आर्थिक रुपले विपन्न र कमजोर आय भएको परिवार भनि वडाध्यक्षबाट प्रमाणित भएको प्रमाणित प्रति ।
५.वडाध्यक्षबाट प्रमाणित भएको सम्बन्धित परिवारको खरको छानो भएको फोटो ।
६. अर्काको घरखेत वा गैर नम्वरी जग्गा मा बसोवास गरेको वा सुकुम्वासी भए वडाध्यक्षबाट प्रमाणित भइ आएको प्रमाणित प्रति ।